## मिति २०७७/१२/३१ गतेका दिन सम्पन्न ५६ औं कार्यपालिका बैठकका निर्णयहरु :

### बैठकका प्रस्तावहरु

१. करारका कर्मचारीको म्याद थप गर्ने सम्बन्धमा सम्बन्धमा,
२. शहरी स्वास्थ्य केन्द्र स्थापना गर्ने सम्बन्धमा,
३. हाते ट्याक्टर वितरण सम्बन्धमा,
४. गत वर्षको ढुङ्गा, गिट्टी, वालुवाको रोयल्टी प्रदेश लेखा ईकाईमा पठाउने सम्बन्धमा,
५. आ.व. २०७८/७९ का लागि सूचीकृत बेरोजगार व्यक्तिको विवरण स्वीकृत सम्बन्धमा,
६. पदाधिकारीहरुले पद बहाली गरेको दिन जेठ ८ गते आयोजना गर्ने कार्यक्रम सम्बन्धमा,
७. पुराना जिन्सी सामान बिक्री गर्ने सम्बन्धमा ।
८. विभिन्न सडकको डिपिआर गर्दा लागेको खाना खर्च रकम भुक्तानी सम्बन्धमा,
९. डेजरबाट घाईते व्यक्तिको उपचार खर्च रकम भुक्तानी सम्बन्धमा,
१०. घटना दर्ता अभियान सम्बन्धमा,
११. डोजर अपरेटरको पारिश्रमीक सम्बन्धमा,
१२. करारका कर्मचारी अवकाश हुँदा दिईने सुविधाका सम्बन्धमा,
१३. विविध

(क) वडा नं. १२ का अध्यक्षको स्वास्थ्य लाभको कामना सम्बन्धमा,
(ख) नव वर्षको सम्पूण नगरवासी तथा सम्पूर्ण नगरपालिका परिवारलाई शुभकामना सम्बन्धमा,
(ग) व्यक्तिगत घटना दर्ता विवरण संशोधन सम्बन्धमा ।

### निर्णयहरु :

**निर्णय नं. १ :**

यस नगरपालिका नगर कार्यपालिकाको कार्यालय, विभिन्न वडा कार्यालय, सरसफाई केन्द्र, वडा विकास कार्यक्रम तथा विभिन्न स्वास्थ्य चौकीमा कार्यरत करार तथा अस्थाई रुपमा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुको सेवा करार अवधि यही २०७७ चैत्र मसान्त भित्रसम्म रहेकोमा उनीहरुको सेवा करार अवधि २०७८ आषाढ मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

तपसिल :

प्राविधिक कर्मचारी तर्फ :

| क्र.सं | नाम थर | पद | तह | कैफियत |
|---|---|---|---|---|
| १ | श्री सविन श्रेष्ठ | ईन्जिनियर | अधिकृत छैटौ | |
| २ | श्री मुक्त बहादुर गुरुङ | सुचना प्र.अधिकृत | अधिकृत छैटौ | कार्यक्रम |
| ३ | श्री मनिषा लामिछाने | कृषि विकास अधिकृत | अधिकृत छैटौ | |
| ४ | श्री रोशन श्रेष्ठ | सव ईन्जिनियर | सहायक पाँचौ | |
| ५ | श्री सुशिल पौडेल | सव ईन्जिनियर | सहायक पाँचौ | |
| ६ | श्री जीवछ राउत | खा.पा.स.टे | सहायक पाँचौं | |
| ७ | श्री अविनास अर्याल | अमिन | | |

सरसफाई फोहरमैला व्यवस्थापन तथा सवारी चालक तर्फ

| क्र.सं | नाम थर | पद | | कैफियत |
|---|---|---|---|---|
| १ | श्री सुरेन्द्र गायक | सवारी चालक | | |
| २ | श्री तुल बहादुर थापा | सवारी चालक | | |
| ३ | श्री सुदिप गायक | सवारी चालक | | |
| ४ | श्री धन बहादुर थापा क्षेत्री | सवारी चालक | | |
| ५ | श्री टिकाराम बराल | जे.सि.वि अपरेटर | | |
| ६ | श्री रुक बहादुर गुरुङ | कुचिकार | | |
| ७ | श्री स्नेहा नेपाली | कुचिकार | | |
| ८ | श्री धन माया गाईने | कुचिकार | | |
| ९ | श्री ईन्द्र कुमारी गायक | कुचिकार | | |
| १० | श्री मित्र बन्धु भण्डारी | सरसफाइ सुपरभाइजन | सहायक चौथो | |

| | | | | |
|---|---|---|---|---|
| ११ | श्री ज्ञानबन्धु भण्डारी | फायरमेन | | |

बडा कार्यालय व्यवस्थापन तर्फ

| क.सं | नाम थर | पद | | कैफियत |
|---|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर वि.क. | कार्यालय सहायक | सहायक चौथो | वडा नं ५ |
| २ | श्री चिरन्जीवि शर्मा अर्याल | कार्यालय सहायक | सहायक चौथो | वडा नं १२ |
| ३ | श्री खिम प्रसाद रेग्मी | कार्यालय सहयोगी | | ५ नं |
| ४ | श्री ध्रुव ढकाल | कार्यालय सहयोगी | | १४ नं |
| ५ | श्री कल्पना पोखेल शर्मा | कार्यालय सहयोगी | | २ नं |
| ६ | श्री याम कुमारी कार्की | कार्यालय सहयोगी | | १३ नं |
| ७ | श्री बेली गुरुङ | कार्यालय सहयोगी | | ७ नं |
| ८ | श्री मिना कुमारी पोखेल सापकोटा | कार्यालय सहयोगी | | १० नं |
| ९ | श्री वसुन्धरा पोखेल अर्याल | कार्यालय सहयोगी | | ११ नं |
| १० | श्री मन्जु गुरुङ ढकाल | कार्यालय सहयोगी | | १ नं |
| ११ | श्री लक्ष्मी थापा राना | कार्यालय सहयोगी | | ४ नं |

प्रमुख/उपप्रमुख सचिवालय, निवास तथा कार्यालय व्यवस्थापन तर्फ

| क.सं | नाम थर | पद | | कैफियत |
|---|---|---|---|---|
| १ | श्री अशोक शर्मा | स्वकीय सचिब | | |
| २ | श्री नर्वदा के.सी. रोका | कम्प्यूटर सहायक | सहायक चौथो | |
| ३ | श्रीकेशर बहादुर अधिकारी | कार्यालय सहयोगी | | |
| ४ | श्री लालुमाया अधिकारी | कार्यालय सहयोगी | | |
| ५ | श्री खिम कुमारी पौडेल | कार्यालय सहयोगी | | |
| ६ | श्री टिका बहादुर शाहा | सवारी चालक | | |

स्वास्थ्य चौकी तर्फ

| क.सं | नाम थर | पद | | कैफियत |
|---|---|---|---|---|
| १ | सरोज शर्मा गौतम | हेल्थ असिष्टेन्ट | | |
| २ | कल्पना कुमारी विष्ट | हेल्थ असिष्टेन्ट | | |
| ३ | दिपेन्द्र रेग्मी | हेल्थ असिष्टेन्ट | | |
| ४ | गोपाल गौतम | हेल्थ असिष्टेन्ट | | |
| ५ | महम्मद हसिन अप्तार | हेल्थ असिष्टेन्ट | | |
| ६ | मिलन पोखेल | हेल्थ असिष्टेन्ट | | |
| ७ | भुवन भण्डारी | हेल्थ असिष्टेन्ट | | |
| ८ | सुवोध पौडेल | हेल्थ असिष्टेन्ट | | |
| ९ | सरस्वती पाण्डे ढकाल | अ.न.मी | | |
| १० | रिंकल गुरुङ | अ.न.मी | | |
| ११ | यानमाया गुरुङ | अ.न.मी | | |
| १२ | रजनी गुरुङ | अ.न.मी | | |
| १३ | बसन्ती काफ्ले तिवारी | अ.न.मी | | |
| १४ | एकमती गुरुङ | अ.न.मी | | |
| १५ | सोनिका श्रेष्ठ | अ.हे.ब. | | |
| १८ | भगबती आचार्य | अ.हे.व | | |
| १९ | दुर्गा अर्याल | अ.हे.व. | | |
| २० | अनिल गुरुङ | अ.हे.व. | | |
| २० | तिल कुमारी गुरुङ | कार्यालय सहयोगी | | |

| | | | | |
|---|---|---|---|---|
| २१ | डोल कुमारी मल्ल | कार्यालय सहयोगी | | |
| २२ | श्री राज कुमार लामिछाने | कार्यालय सहयोगी | | |
| २३ | श्री दिनेस पौडेल | कार्यालय सहयोगी | | |
| २४ | श्री किसन क्षेत्री | कार्यालय सहयोगी | | |
| २५ | श्री धन कुमारी रेग्मी भट्टराई | कार्यालय सहयोगी | | |
| २६ | श्री जमुना मरासिनी | कार्यालय सहयोगी | | |

शहरी स्वास्थ्य केन्द्र तर्फ

| क.सं | नाम थर | पद | | कैफियत |
|---|---|---|---|---|
| १ | श्री सिर्जना थापा | अ.हे.व. | | |
| २ | श्री मित्रलाल अर्याल | अ.हे.व. | | |
| ३ | श्री जरिना शेष | अ.हे.व | | |
| ४ | सुस्मिता गुरुङ | अ.हे.व. | | |
| ५ | श्री पवन क्षेत्री | कार्यालय सहयोगी | | |
| ६ | श्री रामु काफ्ले | कार्यालय सहयोगी | | |
| ७ | श्री तारा क्षेत्री कार्की | कार्यालय सहयोगी | | |

एक गाउँ एक प्राविधिक (पशु सेवा) तर्फ

| क.सं | नाम थर | पद | | कैफियत |
|---|---|---|---|---|
| १ | श्री मनोज पौडेल | ना पशु स्वा.प्रा. | | |
| २ | श्री ठाकुर प्रसाद गुरुङ | ना पशु स्वा.प्रा. | | |
| ३ | श्री टिकाराम मरासिनी | ना पशु स्वा.प्रा. | | |
| ४ | श्री विशाल भुजेल | ना पशु स्वा.प्रा. | | |

एक गाउँ एक प्राविधिक (कृषि सेवा) तर्फ

| क.सं | नाम थर | पद | | कैफियत |
|---|---|---|---|---|
| १ | सोना सुवेदी | ना.प्रा.स.कृषि | | |
| २ | कमला जैसी | ना.प्रा.स.कृषि | | |

वडा विकास कार्यक्रम तर्फ

| क.सं | नाम थर | पद | | कैफियत |
|---|---|---|---|---|
| १ | रुपा वराल पौडेल | सामाजिक परिचालक | | |
| २ | सविना मरासिनी नेपाली | सामाजिक परिचालक | | |
| ३ | कमला गोदार | सामाजिक परिचालक | | |
| ४ | सुदोता गौतम | सामाजिक परिचालक | | |
| ५ | रिता कार्की | सामाजिक परिचालक | | |
| ६ | जमुना परियार | सामाजिक परिचालक | | |
| ७ | सिता रेग्मी | सामाजिक परिचालक | । | |
| ८ | सिर्जना पौडेल | सामाजिक परिचालक | | |
| ० | सपना थापा | सामाजिक परिचालक | | |
| १० | सुशिला काफ्ले भुषाल | सामाजिक परिचालक | | |
| ११ | सरिता अर्याल | सामाजिक परिचालक | | |
| १२ | सुनमाया गुरुङ | सामाजिक परिचालक | | |
| १३ | अप्सरा कार्की | सामाजिक परिचालक | | |
| १४ | सिता कुमारी पौडेल रेग्मी | सामाजिक परिचालक | | |

**निर्णय नं. २ :**

आ.व. २०७७/७८ मा यस नगरपालिकाको लागि सशर्त अनुदानमा स्वास्थ्य तर्फ पूर्वाधार विकास कार्यक्रम अन्तरगत प्राप्त रकमबाट यसै वडाको वडा नं. ४ र वडा नं.७ मा शहरी स्वास्थ्य केन्द्र स्थापना गर्ने र सोको लागि आवश्यक पूर्वाधार निर्माणको काम अविलम्ब अगाडि बढाने व्यवस्था गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

नगरपालिकाको यस वर्षको कृषि विकास तर्फको कार्यक्रमबाट ५३ वडा हाते ट्याक्टर खरिद प्रक्रिया अगाडि बढी सकेकोमा प्राप्त हुने हाते ट्याक्टर मध्ये ४ थान ट्याक्टर पछि निर्णय गरी विभिन्न कृषक समूहहरुलाई उपलब्ध गराउने गरी हाललाई तपसिल बमोजिमका वडालाई  तपसिल बमोजिमको संख्यामा हाते ट्याक्टर उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :

| वडा नं. | ट्याक्टर संख्या | कैफियत |
|---|---|---|
| १ | ३ | |
| २ | ३ | |
| ३ | ५ | |
| ४ | ४ | |
| ५ | ३ | |
| ६ | ३ | |
| ७ | ३ | |
| ८ | ३ | |
| ९ | ३ | |
| १० | ३ | |
| ११ | ३ | |
| १२ | ३ | |
| १३ | ५ | |
| १४ | ५ | |
| जम्मा | ४९ | |

**निर्णय नं. ४ :**

गण्डकी प्रदेश कर तथा गैर कर रनजस्व संकलन सम्बन्धी निर्देशिका २०७५ को दफा २३ को उपदफा (२) अनुसार स्थानीय तहले संकलन गर्ने ढुङ्गा, गिट्टी, वालुवाको रोयल्टी रकम मध्ये ६० प्रतिशतले हुन आउने रकम स्थानीय तहले आफ्नो स्थानीय संचित कोषमा जम्मा गरी ४० प्रतिशतले हुने रकम प्रदेशमा पठाउनु पर्ने व्यवस्था रहेकोमा यस नगरपालिकाबाट गत आ.व. २०७६/७७ मा ढुङ्गा, गिट्टी, वालुवाको रोयल्टी रकम रु.८७,०१,०७६।- संकलन गरेकोमा सोको ४० प्रतिशतले हुने रकम रु.३४,८०,४३०।४० प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेमा रु.१७५१३२०।-मात्र दाखिला भएकोले बाँकी रहेको रकम रु. १७,२९,११०/४० नगरपालिकाको संचित रकम मध्येबाट प्रदेश संचित कोषमा दाखिला गर्ने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

आर्थिक वर्ष २०७८/७९ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतका कार्यक्रम कार्यान्वयन गर्न तपसिल बमोजिमका वडाहरुमा सूचिकृत तपसिल बमोजिमका बेरोजगार व्यक्तिहरुको विवरण स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल :

| वडा नं. | बेरोजगार व्यक्तिहरुको संख्या | कैफियत |
|---|---|---|
| १ | ३८ | |
| २ | ३३ | |
| ३ | ३६ | |
| ४ | ७७ | |
| ५ | १४ | |
| ६ | १९ | |
| ७ | १०२ | |
| ८ | ८ | |
| ९ | २३० | |
| १० | १७ | |
| ११ | ० | |
| १२ | १०९ | |
| १३ | ११५ | |
| १४ | २७ | |

| जम्मा | ८२५ | |
|---|---|---|

**निर्णय नं. ६ :**

यस नगरपालिकाका पदाधिकारीहरुले पद बहाली गरेको दिन जेष्ठ ८ गते ४ वर्ष पुरा हुँदैछ । सो दिनमा नगरपालिकामा विभिन्न कार्यक्रम गरी मनाउने, यि चार वर्षमा नगरपालिकामा केके काम भए त्यसको सम्बन्धमा स्मारीका प्रकाशन, भिडियो तयार गरी प्रस्तुतीकरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

यस नगरपालिकाको परिशरमा विभिन्न किसिमका पुराना मालसामानहरु यत्रतत्र छरिएर रहेकाछन । ती मालसामानहरु कार्यालयको जिन्सी किताबमा समेत दर्ता नरहेको, उक्त सामान मर्मत गरी प्रयोगमा ल्याउन समेत नसक्ने अवस्था रहेकोले त्यस्ता सालसामानहरु छोटो प्रक्रियाद्धारा प्रतिष्पर्धा गराई बिक्री गर्ने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई दिर्नेशन दिने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

यस नगरपालिका क्षेत्र भित्रका विभिन्न तिन वटा सडकहरु कुटी – किरीयाखोर – उप्रेतथर – चाक्ले – ठुलाडीही सडक, सामाग्री चोक – लत्रेपिपल सडकको DPR तयार गरी पेश गर्नको लागि नगर प्रमुखको आदेशानुसार श्री रोशन नेपाल समेतको टोलीलाई लगाईकोका उक्त टोलीले DPR तयार गर्दाको समयमा खाना खाएको रकम र होटलबासको समेत रु.१,०९,८५०।- भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

यस नगरपालिकाको JCB ले यसै नगरपालिकाको वडा नं. ८ को विभिन्न स्थानको बाटो मर्मत गरी फर्कने क्रममा मिति २०७७/४/३० गतेका दिन यसै नगरपालिका वडा नं. ८ निवासी रामु परियार JCB बाट खसी घाईते भई सोही दिन उपचारको लागि पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा लगी उपचार गराइएकोमा निजलाई पोखरासम्म लैजाँदा लागेको खर्च र उपचारमा लागेको खर्च गरी जम्मा रु. ४६,४१२।- भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १० :**

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मिति २०७७/१२/१८ को पत्रानुसार २०७८ बैशाख १ गते देखि १६ गतेसम्म व्यक्तिगत घटना दर्ता अभियान सञ्चालन गर्ने व्यवस्था मिलाउन भनी लेखि आएकोमा उक्त अभियमान सफल गर्नको लागि विभिन्न माध्यमबाट प्रचार प्रसार गरी तपसिल बमोजिमका वडाको तपसिल बमोजिमका स्थानमा व्यक्तिगत घटना दर्ता सिबिर सञ्चालन गर्ने निर्णय गरियो ।

**तपसिल :**

| वडा नं. | सिबिर सञ्चालन हुने मिति | सिबिर सञ्चालन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | २०७८/१/२ | वडा नं. १ को कार्यालय भवन | |
| २ | २०७८/१/३ | चिरुवा सामुदायिक भवन | |
| ३ | २०७८/१/५ | कुनाखेत प्रतिक्षलय | |
| ४ | २०७८/१/६ | रामकोस फापरडाँडा | |
| ५ | २०७८/१/७ | कटुञ्जे चौर सस्वती प्रा.वि. | |
| ६ | २०७८/१/८ | कदमे माझगाउँ | |
| ७ | २०७८/१/९ | मोहरीया शारदा मा.वि. | |
| ८ | २०७८/१/१० | वडा नं. ८ को कार्यालय भवन | |
| ९ | २०७८/१/१२ | वडा नं. ९ को कार्यालय भवन | |
| १० | २०७८/१/१३ | वडा नं. १० को कार्यालय भवन | |
| ११ | २०७८/१/१४ | बगालथोक सूचना केन्द्र | |
| १२ | २०७८/१/१५ | वडा नं. १२ को कार्यालय भवन | |
| १३ | २०७८/१/१६ | महेन्द्र मा.वि. | |
| १४ | २०७८/१/१७ | वडा नं. १४ को कार्यालय भवन | |

**निर्णय नं. ११ :**

यस नगरपालिकाको JCB सञ्चालन गर्ने हेभी सवारी चालकलाई २०७७/४/१ मा करार सम्झौता गर्दा दैनिक २ घण्टा भन्दा बढी फिल्डमा खटिइ काम गरेको अवस्थामा दैनिक रु.१२००।- का दरले खाना खाजा वापतको रकम उपलब्ध गराउने भनी सेवा करार सम्झौता गरिएकोमा सो बमोजिमको भुक्तानी गरेको अतिरिक्त रकम अन्तिम लेखापरीक्षण हुँदा बेरुजु समेत कायम भएकोले बिगत केही समयदेखि अतिरिक्त समय भत्ता उपलब्ध गराउन बन्द गरिएकोमा निजले मासिक रु.३५०००।- भन्दा कममा काम गर्न नसक्ने

भनी २०७७/१२/१७ मा निवेदन दिएको, बजारमा पनि JCB चलाउने अनुभवी हेभी सवारी चालक उपलब्ध नहुने, निजलाई बिदाको दिन, बिहान बेलुकाको समयमा पनि काममा लगाउनु पर्ने भएकोले निजलाई आगामी बैशाख १ गते देखि मासिक रु.८,०००।- खाना खाजा खर्च वापत भुक्तानी दिने गरी नयाँ करार सम्झौता गरी गर्ने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यलयलाई दिर्नेशन दिने निर्णय गरियो । साथै निजलाई सो बाहेक अन्य कुनै किसिमको अतिरिक्त समय भत्ता वा अन्य भत्ता उपलब्ध नगराउन दिर्नेशन समेत दिने निर्णय गरियो ।

**निर्णय नं. १२ :**

यस कार्यालय अन्तरगतको वडा नं. ६ को कार्यालयको कार्यालय सहयोगी पदमा कार्यरत श्री शम्सेर दमै  लामो समय देखि अविछिन्न रुपमा कार्यरत रहनु भएकोमा उमेर हदको कारण केही समय अगाडि राजिनामा गरी सोही मितिबाट दैनिक ज्यालादारीमा कामकाज गर्दै आउनु भएको थियो । त्यस्तै गरी वडा नं. ९ को कार्यालयको कार्यालय सहयोगी पदमा कार्यरत श्री धनकुमारी दमिनी पनि लामो समय देखि अविछिन्न रुपमा कार्यरत रहनु भएकोमा उमेर हदको कारण केही समय अगाडि उहाँले पनि राजिनामा गरी सोही मितिबाट दैनिक ज्यालादारीमा कामकाज गर्दै आउनु भएको थियो । आजकै कार्यपालिका बैठकले निज दुबै जना कार्यालय सहयोगीहरुलाई यही मिति २०७८/१/१ देखि दैनिक ज्यालादारीमा समेत नलगाउने निर्णय गरेकोछ । निजहरु साविक गाविसको कार्यालयबाट नियुक्त भई लामो समयसम्म अस्थाई/करारमा काम गरी रहेको लामो समय काम गरी घर फर्कदा कानूनी हिसाबले कुनै सेवा सुबिधा पाउने अवस्था नरहेकोले निजहरु लगायत कार्यालयमा कार्यरत सबैस्तरका करारका कर्मचारीहरु अवकास हुँदाको अवस्थामा काम गरेको प्रति वर्ष निजले खाईपाई आएको मासिक रकमको २५ प्रतिशतले हुने रकम (मासिक तलब X ०.२५ प्रतिहत X काम गरेको वर्ष)को हिसाबले काम गरेको वर्षले गुणन गरी हुन आउने रकम निजलाई भुक्तानी दिने व्यवस्था मिलाउने । यस वर्ष निजहरुलाई कार्यालयको जुनसुकै मिल्दो शिर्षकबाट खर्च लेखि भुक्तानी दिने व्यवस्था मिलाउने र आगामी वर्षदेखी सोको लागि बजेट समेत व्यवस्था गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :**

यसै नगरपालिका अन्तरगतको वडा नं. १२ का वडा अध्यक्ष श्री दुतप्रसाद गुरुङ्ग यही मिति २०७७/१२/२२ गतेका दिन कार्यालयको काम सिलसिलामा नगरकार्यपालिकाको कार्यालयमा आउँदा कार्यालयमै हृदयघात भई तत्काल गण्डकी मेडिकल कलेजमा लगी उपचार गरीएकोमा हाल उहाँ आफ्नै आवासमा स्वास्थ्यलाभ गरी रहनु भएकोमा पुतलीबजार नगरपालिका परिवार उहाँको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछ ।

**निर्णय नं. १४ :**

बिक्रम सम्वत अनुसारको नयाँ वर्ष २०७८ को अवसरमा पुतलीबजार नगरपालिकाका सम्पूर्ण नगरवासीहरुमा नयाँ वर्षमा सुख, शान्ति, सम्वृद्धि, अमनचयन तथा उत्तरोत्तर प्रगतीको कामना गर्दै नगरपालिका परिवार शार्दिक मंगलमय शुभकामना टक्रयाउँदछ ।

**निर्णय नं. १५ :**

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६ को दफा २५ अनुसार यो ऐन लागू भएपछि जन्मेको बच्चाको उमेर, नाम, थर वा अन्य विवरण सच्याउनु परेमा त्यसको लागि सम्बन्धित व्यक्तिले त्यस्तो प्रमाणपत्र लिएको एक वर्षभित्र स्थानीय पञ्जीकाधीकारीको कार्यालयमा दरखास्त दिन सक्नेछ भन्ने व्यवस्था रहेको छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली २०७७ को नियम २३ मा व्यक्तिगत घटनाको विवरण सच्याउनु परेमा सम्बन्धित व्यक्तिले अनुसूची २६ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय पञ्जीकाधीकारीको कार्यालयमा निवेदन दिनु पर्नेछ भन्ने व्यवस्था रहेको छ भने सो नियममा एक वर्ष भित्र दर्ता भएका व्यक्तिगत घटनाको विवरण मात्र सच्याउने भन्ने उल्लेख नभएको तथा घटना दर्ता तथा विवरण सच्याउने काम स्थानीय पञ्जीकाधीकारीलाई मात्र दिएकोले सो नियम बमोजिम राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६ लागु हुनु भन्दा पहिला दर्ता भएका व्यक्तिगत घटनाको विवरण सच्याउनु परेमा आवश्यक प्रमाण बुझी विवरण सच्याई दिन सकिने अवस्था देखिएकोले स्थानीय पञ्जीकाधीकारीलाई त्यस्तो विवरण सच्याउने व्यवस्थाको लागि निर्देशन दिन कार्यपालिकाको कार्यालयलाई दिर्नेशन दिने निर्णय गरियो ।